# १३ यर्मियाबाट सिक्नुपर्ने पाठहरु

**यस अध्यायका मूद पदहरूः** यर्मिया २:१३, ६:२०, ७:१-१०, मत्ती ९:१२, व्यवस्था ६:९, यर्मिया १०:१-१५, २३:१-४।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पदः</u>* ""हेर ती दिनहरू आउँदैछन्" परमप्रभुले भन्नुहुन्छ, "म दाउदको घरानाबाट एक धार्मिक हाँगालाई खडा गर्नेछुः उनी शासन गर्ने राजा हुनेछन्। उनको सम्मुन्नती हुनेछ। यस पृथ्वीमा उनले न्याय र धार्मिकतासाथ राज गर्नेछन्।"" (यर्मिया २३:५ रूपान्तरित)।

हामी अब यर्मियाको पुस्तकको अध्ययनको अन्त्यतिर आएका छौं। साहशिलोसाथ हामीले यस पुस्तकलाई अध्ययन गऱ्यौंः त्यसमा धेरै नाटक, भावनाहरू थिए। अगमवक्ताको जीवन कहानीमा उनले धेरै आत्मिक उर्जा पाएको हामी देख्छौं।

अरू सबै अगमवक्ताहरूले जस्तै उनले पनि कुनै जङ्गलमा गएर साधना गरेर वा ध्यान गरेर कल्पना गर्दै उपरोक्त धार्मिक पुस्तक उनले निकालेका थिएनन्ः उनले पाएका सन्देश परमेश्वरबाट थियो र विशेष समय, विशेष स्थान र विशेष परिस्थितिको निम्ति थियो।

यद्यपि, त्यस इतिहास र परिस्थिति हाम्रोभन्दा बिल्कुल भिन्न थियो र उनको पुस्तकलाई अध्ययन गरेका अनेकौं पुस्ताहरू बर्तमान समयभन्दा फरक थिए तर त्यहाँ व्यक्त गरिएका परमेश्वरका जनहरूको निम्ति निर्णायत्मक नीतिहरू समयसापेक्षिक भएको पाउँछौं र त्यस अनुसार चले प्रत्येक पुस्ताको हित हुनेछ।

मानिसहरू परमेश्वरमाथिको आस्थामा जुनसुकै परिस्थितिमा पनि निष्ठावान भएर बसोस् र उहाँका आज्ञाहरूलाई हृदयमा राखेर त्यसै अनुसार चलोस् भन्ने यर्मियाको पुस्तकको मूल आशय हुन्।

सही सत्यमार्ग वा धर्म, हृदयमै उब्जाइराखेको धर्म जुन् रित्त र मृत्युसरी रीतिथितिहरू जबरजस्ती मानेर काल्पनिक तथा क्षणिक आनन्दभन्दा पनि दामी छन् भनेर यर्मियाले सम्बोधन गर्न खोजेको पाइन्छ। हृदयलाई धक्का दिनेभएतापनि सत्य वचन र आचरणलाई सुधार गर्न गरिएको आवाजलाई सुन्न मानिसहरू कहिलै पनि हिचकिचाउनुहुन्न भनेर यर्मियाले चाहना गरेका थिए। सही सुधार र आत्मिक पुनर्जागरणको मूल तत्वहरू नै तिनै हुन्। धर्मको भेषमा आएर वा धर्मको नाउँमा मानिसहरूलाई परमेश्वरमाथि भरोसा राखेर र उहाँका प्रतिज्ञाहरूप्रति कतिवद्ध हुनसिकाउने भन्दा आफूतिर तान्ने वा आफ्नो सम्मान खोज्ने मानव प्रवृत्तिबाट अलग हुनपर्छ भनेर यर्मियाको पुस्तकले हामीलाई सिकाउँछ। आजको संसारमा मानिसहरूलाई क्षणिक भौतिक कुरालाई आकर्षित गर्ने तत्वहरू धेरै छन्।

यर्मियामर्फत आफ्नो जनहरूलाई प्रकट गर्नुभएको प्रेमबाट हामीले धेरै सिक्नुछ। बिभिन्न बज्र जस्तो बर्षिएको चेतावनीहरू जसले तिनीहरूको चालमा असर गरेको हुन्छ, ती तिनीहरूको निम्तिमात्र होइन हामीहरूको निम्ति पनि हुन् भनेर आत्मसात् गर्न सकियो भने हामीहरूकै हितको निम्ति हुनेछ भन्दै यर्मियाको पुस्तकको अध्ययन क्रममा अन्तिम अध्यायबाट हामी सिकौं।

## १ यर्मियाको प्रभु

खीष्ट र शैतानको बीचमा भइरहेको महान् संघर्षको केन्द्रविन्दु एक निर्णायक विषयवस्तुमा छ भनेर सेभेन्थ-डे एडभेन्टिस्ट मतका मानिसहरूले बुझ्दछन्: परमेश्वरको चरित्र कस्तो छ? परमेश्वर कस्तो देखिनुहुन्छ? शैतानले आरोप गरेको अनुसार के उहाँ निरङ्कुस र रिसाहा परमेश्वर हो? के उहाँ मानिसलाई स्वविवेकको स्वतन्त्रता दिएर निर्णय गर्न नचाहने परमेश्वर हो? वा उहाँ प्रेमिलो, सदाशय र हाम्रो अतत्यन हित चाहने हेरचाह र करुणामय परमेश्वर हो? ती प्रश्नहरू सारा

जगतको निम्ति अत्यन्त गम्भिर, गहकिलो र महत्त्वपूर्ण छन्। यदि परमेश्वर दयालु, सदाशयी, निश्वार्थी र करुणामयी नभएर रिसले गजधम्म गरेर बस्ने र मानिसको आवश्यकताको ख्याल नराखी हुकुम चलाएर बस्ने परमेश्वर भए के गर्ने? त्यस खालको परमेश्वर हुनुभन्दा हाम्रो निम्ति नहुनै नै बेस हुनेछ होला।

त्यसकारण उपरोक्त जिज्ञासाहरू अत्यन्त महत्त्वपूर्ण छन्। भाग्यवस् क्रुसको परिवेशमा हामीहरूसँग त्यस प्रश्नका जवाफहरू पाउँछौं।

"पतित मानिसहरूको उत्थान गर्न स्वर्गको यशस्वी र तेजस्वीमय राजा, चहकिलो स्वर्गदूतहरूले आराधना गर्न रमाइलो मान्ने, बिशाल जगतका सृष्टिकर्ता, जहाँ अनगिन्ति पृथ्वीहरू छन् र तिनीहरूलाई सम्हाल्नुहुने परमेश्वरको प्रियपुत्रलाई अनन्तको इतिहासमा कहिलै पनि बिर्सनेछैनः उहाँले सारा मानिसहरूको दोष र लाजलाई आफ्नो काँधमा बोक्नुभयो, आफ्नो पिताको नजरबाट लुक्न राजी हुनुभयो, सारा जगतका पिडाहरूले उनको हृदय छियाछिया पारिन राजी हुनुभयो र क्रुसको निष्ठुर दण्डलाई आफूलाई पारि आफ्नो अनन्त अस्तित्वलाई नै खतरामा पार्नुभयो। सारा जगतहरूका सृष्टिकर्ता, सबै भविष्यहरूको निर्धारणकर्ता प्रभुले आफ्नो महिमा र यशलाई पन्छाएर आफूलाई झुकाउनुभयो। प्रभु येशूले मानिसहरूको निम्ति देखाउनुभएको त्यो महान् प्रेम सारा जगतको निम्ति पुजनीय हुनेछ र उहाँको त्यस कामलाई जगतका जीवहरूले चासो र अचम्मकासाथ अनन्त समयसम्म बुझ्न कोशिश गरिनैरहनेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६५१बाट रूपान्तरित।

परमेश्वरको चरित्र र स्वभाव यर्मियाले देहायका केही पदहरूमा कसरी खुलाएका छन्? हेर्नुहोस्। ती पदहरूले उहाँको बारेमा हामीलाई के जानकारी दिन चाहन्छ?

यर्मिया २:१३ "१३ “मेरा प्रजाले दुई वटा पाप गरेका छन्ः मलाई, जिउँदो पानीको मूललाई, तिनीहरूले त्यागेका छन्, र पानी नरहने फुटेका कुण्डहरू आफ्ना निम्ति खनेका छन्।", यर्मिया ५:२२ “२२ के तिमीहरूले मेरो भय मान्नुपर्दैन?” परमप्रभु भन्नुहुन्छ। “के तिमीहरू मेरो उपस्थितिमा काम्नुपर्दैन? मैले बालुवालाई समुद्रले नाघ्न नसक्ने निरन्तर रहने अवरोधको सिमाना ठहराइदिएँ। छालहरू उठे तापनि तिनीहरू त्यसमाथि विजयी हुन सक्दैनन्। ती गर्जे तापनि त्यसलाई नाघ्न सक्दैनन्।", यर्मिया ११:२१-२३ "२१ “यसकारण तिम्रो प्राण लिन खोज्ने अनातोतका मानिसहरूका सम्बन्धमा परमप्रभु यसो भन्नुहुन्छ– ती मानिसहरू जो तिमीलाई भन्छन्, ‘परमप्रभुको नाउँमा अगमवाणी नभन्, नत्रता तिमी हाम्रा हातबाट मर्नेछौ’ – २२ यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः ‘म तिनीहरूलाई दण्ड दिनेछु। तिनीहरूका जवान मानिसहरू तरवारले मारिनेछन्, र तिनीहरूका छोराछोरीहरूचाहिँ अनिकालले मर्नेछन्। २३ तिनीहरूमा कोही पनि बाँच्नेछैन, किनभने तिनीहरूका दण्डको वर्षमा म अनातोतका मानिसहरूमाथि सर्वनाश ल्याउनेछु।", यर्मिया ३१:३ “परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयोः “सधैँभरि रहने प्रेमले मैले तिमीलाई प्रेम गरेको छु। मैलतिमीलाई दया गरि खिँचेको छु।" र यर्मिया ३:६-१२ “ ६ योशियाह राजाका राजकालमा परमप्रभुले मलाई भन्नुभयो, “अविश्वासी इस्राएलले के गर्‍यो, के तिमीले देखेका छौ? त्यो गएर हरेक डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि त्यसले व्यभिचार गरेकी छ। ७ त्यसले यी सबै काम गरेपछि मकहाँ फर्कन्छे होला भनी मैले विचार गरेको थिएँ, र तर त्यो फर्किन, र त्यसकी विश्वासघाती बहिनीले त्यो देखी। ८ त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ। तापनि मैले हेरें, त्यसकी विश्वासघाती बहिनी यहूदा

डराइन, तर गएर त्यसले पनि वेश्यावृत्ति गरी। ९ वेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी। १० यी सबै भए तापनि त्यसकी विश्वासघाती बहिनी यहूदा, पूर्ण हृदयले त होइन, तर बाहिरी रूपले मात्र मतिर फर्की," परमप्रभु भन्नुहुन्छ। ११ परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी इस्राएल विश्वासघाती यहूदाभन्दा अझ धर्मी ठहरी। १२ जा, उत्तरमा गएर यो सन्देश :प्रचार गर्

हे अविश्वासी इस्राएल, आँखा तरेर म अब तिमीलाई हेर्नेछैन। तिमी फर्क,' परमप्रभु भन्नुहुन्छ किनभने म कृपालु छु,' परमप्रभु भन्नुहुन्छ म सधैं रीस गरिरहनेछैनँ।"

**परमेश्वरले माथि व्यक्तगरेका मर्महरू, चित्रणहरू यर्मियाको पुस्तकमा केवल केहीमात्र हुन्। परमेश्वरको चरित्र, स्वभाव र मानिसहरूप्रति उहाँले देखाएको चासो र पिडालाई ती पदहरूले केही हदसम्म प्रकट गर्दछ। परमेश्वर जीवनको स्रोत हुनुहुन्छ, उहाँ सर्बशक्तिमान सृष्टिकर्ता हुनुहुन्छ, उहाँ न्यायमूर्ती हुनुहुन्छ, बराबर उहाँतिर फर्कन उहाँ हामीलाई आह्वान गर्नुहुन्छ, उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। हामीलाई हामीहरूको पापबाट पश्चाताप गरेर हामीलाई अनन्त नाशको बाटोबाट फर्केको उहाँ चाहनुहुन्छ।**

परमेश्वरको प्रेमिलो स्वभावलाई तपाईंले आफ्नै जीवनमा कसरी अनुभव गर्नुभएको छ ।

## २. परम्परा रीतिथिति र पाप

**" संगठित धर्मसँग परमेश्वरको असिमित र कहिलै नठाकिने संघर्षको बारेमा लेखा राखेको पुस्तक छ, त्यसलाई बाइबल भनिन्छ।"**-टेरी इगल्टन्, *रिजन, फेथ, रिभ्युल्युशनः रिफ्लेक्सन अन द गड डिबेट,* पृ. ८ किन्दल सम्पादन।

उपरोक्त भनाईमा सबै सत्य छ भन्ने छैन किनभने बाइबलको धर्म जुन् परमेश्वरले मानव जातिलाई दिनुभयो त्यो जहिले पनि "व्यवस्थित र सुसंगठित थियो"।

अर्को दृष्टिकोणले हेर्दा यर्मियाले आफ्नो पुस्तकमार्फत धर्मको बारेमा जे भन्न चाहेका थिए त्यसमा बिवादस्पद छैन। चिसो, अजिब, अर्थहिन परम्परा, अन्धविश्वासलाई तेवा दिने खालका रीतिथितिहरूबाट अलग हुन परमेश्वरले मानिसहरूसँग माग गरिरहनुभएको थियो। आफूले गरेका धर्मकर्महरूद्वारा मोक्ष वा मुक्ति पाउँछ भन्ने मानिसहरूको धारणालाई परमेश्वरले अस्वीकार गर्नुभएको थियो।

आफू यहूदी जात भएको कारणले, परमेश्वरले चुन्नुभएको बिशेष जाति भएकोले, अब्राहमको सन्तान भएको कारणले र करार बाँधिएका मानिसहरू भएका कारणले तिनीहरू स्वःत परमेश्वरसँग सबै कुरा मिल्न जान्छ भन्ने ठान्ने धेरैजसो पुजारीहरू, अगुवाहरू र सर्वसाधारण मानिसहरूसँग यर्मियाले संघर्ष गर्नुपरेको थियो भनेर अगाडि नै भनिएको छ। मुक्ति भनेको रगतको नाताले, धर्मकर्म वा कर्मबाट पाउँछ भन्ने गलत धारणा दुःख लाग्दो छ। येशूलाई विश्वास गर्ने अब्राहमका हामी नयाँ सन्तान (गलाती ३:२९)ले पनि त्यो कुराको ख्याल गर्नु जरुरी छ।

यर्मियाले कोरेका देहायका पदहरूमा के सन्देश छ? विशेष गरेर हामी प्रभुसँग हिँड्छौं भनेर दावी गर्नेहरूले त्यस सन्देशलाई कसरी आत्मसात् गर्ने? हेर्नहोस्, यर्मिया ६:२० “२० शेबादेखि धूप वा टाढ़ा देशदेखि बोझो मकहाँ ल्याइएका मलाई के वास्ता छ र? तिमीहरूका होमबलि ग्रहणयोग्य हुँदैनन्। तिमीहरूका बलिदानदेखि म खुशी हुँदिन।" र यर्मिया ७:१-११ “१ यर्मियाकहाँ आएको परमप्रभुको वचन यही होः २ “परमप्रभुका भवनको मूल ढोकामा उभिएर यो सन्देश घोषणा गरः ‘परमप्रभुको आराधना गर्नलाई यी मूल ढोकाहरूबाट पस्ने हे

यहूदाका सबै मानिस हो, परमप्रभुको वचन सुन। ३ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः तिमीहरूका चाल र तिमीहरूका कामहरू सुधार गर, र म तिमीहरूलाई यस ठाउँमा रहन दिउँला। ४ छली कुरामा भरोसा गरी यो नभन, "यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो!" ५ यदि तिमीहरूले आफ्ना चाल र कामहरू साँच्ची नै सुधार्‍यौ, र तिमीहरू एउटाले अर्कासित न्यायसङ्गत व्यवहार गर्‍यौ भने, ६ यदि तिमीहरूले विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ भने, अथवा यस ठाउँमा निर्दोषको रगत बगाएनौ भने, र यदि तिमीहरूको आफ्नै हानिको निम्ति अरू देवताहरूका पछि लागेनौ भने, ७ म तिमीहरूलाई यस ठाउँमा बस्न दिनेछु, यसै देशमा, जो मैले तिमीहरूका पिता-पुर्खालाई युग-युगसम्म रहनलाई दिएको थिएँ। ८ तर हेर, तिमीहरू छली कुरामा भरोसा राख्तछौ, जो व्यर्थैका छन्। ९ के तिमीहरू चोरी गर्छौ, हत्या गर्छौ, नाउँमा शपथ खान्छौ, बाल व्यभिचार गर्छौ, झूटा देवताहरूको देवतालाई धूप बाल्छौ र तिमीहरूले नजानेका देवताहरूका पछि लाग्छौ, १० अनि त्यसपछि मेरो नाउँको यस भवनमा आई मेरो सामुन्ने खड़ा भएर भन्छौ, "हामी सुरक्षित छौं" – अनि फेरि यी नै घृणित कामहरू गर्नलाई ढुक्क बस्छौ? ११ के मेरो नाउँले कहलाइएको यो भवन तिमीहरूका निम्ति डाँकूहरूको ओड़ार भयो त? तर म आफैले यो हेरिरहेछु, परमप्रभु भन्नुहुन्छ।"

**परमेश्वरको प्रेमलाई हल्का रूपमा लिने वा मुक्ति भनेको परिवारबाट पाउने वा सस्तो अनुग्रह भनेको के हो भनेर बुझ्न चाहँदा यर्मिया ७:९,१०ले राम्रोसँग बुझाउन खोजेको देखिन्छ। मानिसहरू सबै पापका कामहरू गर्छन्, दिनभरी, हप्ताभरी वा वर्षभरी अरूमाथि अन्याय गरेर आफूले फाइदा लिन्छन् अनि परमेश्वरको मन्दिरमा आएर सत्य परमेश्वरको आराधना गरि पापको क्षमा माग्दै आराधना पूजाआजा गर्छन्, यो कस्तो मानविय**

बिडम्बनाको खेल हो? यो हिजो पनि थियो र आजपनि जारी छ। तर परमेश्वरलाई जिस्क्याउँदा हामीलाई के फाइदा हुन्छ र? यदि आफ्नो जीवनशैली परिवर्तन गरेर कमजोर मानिसहरूलाई दबाएर आफूहरू धर्मात्माको खोल ओढ्छन् भने तिनीहरूले परमेश्वरको उचित न्यायको सामना गर्नुपर्नेछ।

परम्परा वा संगठित धर्म र बिभिन्न रीतिथितिहरूको पालन गर्दा आफूले जे पाप गरेपनि आफ्नो पाप सुनपानीले पखालि हाल्छ नी भन्ने विश्वासलाई निरन्तरता दिइयो भने पाप तथा दुष्ट चरित्रको फलिफाप भइरहेको हुन्छ। यो खालको अवधारणा धोकापूर्ण छ भनेर यर्मियाले औंल्याएका छन्।

यर्मियाले दिएको चेतावनी र येशूले मत्ती ९:१२मा व्यक्त गर्नुभएको भावनामा के भिन्नता छ? त्यो भिन्नता थाहा पाउनु किन जरुरी छ? हेर्नुहोस्ः “तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" (मत्ती ९:१२)।

## ३. हृदयमा जगाइ राखेको धर्म

"हामी प्रत्येकले आफ्नो जीवनको लेखाजोखा परमेश्वरको सामु पेश गर्नुपर्नेछ।" (रोमी १४:१२)।

यर्मियाको पुस्तकको प्रायजसो सबै भाग इस्राएली राष्ट्रतिर लक्षित गरेर सम्बोधन गरेको पाइन्छ। बेलाबेलामा उनले इस्राएल र यहूदालाई संगसंगै मिसाएर यसरी सम्बोधन गरेका थिएः परमेश्वरको मनमर्ने लहरे बिरुवा (यर्मिया २:२१ रूपान्तरित), परमेश्वरको प्रियपात्र (यर्मिया ११:१५,१२:७), परमेश्वरको आफ्नै सन्तान (यर्मिया १२:७-९), उहाँको बगैंचा (यर्मिया १२:१०) र उहाँको बगाल (यर्मिया १३:१७)। इस्राएल देश र यहूदाका जनताहरूलाई एकै ठाउँमा गाभिएर तिनीहरूलाई सहकारी राष्ट्र भनेर बिभिन्न तरिकाले सम्बोधन गर्दा परमेश्वरले देखाउनु भएको ममताप्रति शङ्का गर्ने ठाउँ छैन।

पुरानो करारमा आफ्ना जनहरूलाई परमेश्वरले व्यक्त गर्नुभएको भावना नयाँ करारले पनि निरन्तरता दिएको पाइन्छ। चर्च एकल मानिसको नभएर विश्वासी जनसमूहको भेला हो भनेर बराबर सम्बोधन गरिएको छ (हेर्नुहोस् एफिसी १:२२,३:१०,५:२७)।

यद्यपि मुक्ति भनेको सबैले सहकार्य गरेर पाउने होइन वा संगठनको स्वरुपबाट पाइने होइन तर व्यक्तिगतबाट पाइने बरदान हो। कुनै पोको फुकालेर त्यस अनुसार चल्नेले मुक्ति पाउँछ भन्ने होइन। नयाँ करारको चर्च जस्तै यहूदा राष्ट्रपनि व्यक्ति व्यक्ति मिलेर बनेका थिए। बास्तविक निर्णायक विषयवस्तु व्यक्तिगत तहबाटमात्र उब्जिन्छ। व्यवस्था ६:५को प्रख्यात पदले यो सिकाउँदछ, “तिमीहरूको सारा हृदयले, सारा आत्मा वा मनले र तिमीहरूको सारा बाहुबलले तिम्रो परमेश्वरलाई प्रेम गर्नु।" राष्ट्रलाई सम्बोधन गरेतापनि त्यो सम्बोधन एक वचन “तिमी" भनेर व्यक्तिलाई सम्बोधन गरिएको थियो। त्यसको अर्थ परमेश्वरले "तिमी" भनेर हामी प्रत्येकलाई व्यक्तिगतरूपमा सम्बोधन गर्नुहुन्छ। अन्तमा हामी प्रत्येकले व्यक्तिगत रूपमा परमेश्वरलाई हामीहरूको जीवनको लेखाजोखा दिनुपर्नेछ।

यर्मियाको पुस्तकले पनि त्यही कुरालाई अनुमोदन गरेको पाइन्छ।

परमेश्वरसँगको हिंडाइमा सामूहिक होइन तर व्यक्तिगत रूपमा उहाँसँग हिंड्नु जरुरी छ भनेर देहायका पदहरूले सिकाएको हेर्नेहोस्: यर्मिया १७:७,८ “७ “तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ। ८ त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिंजाएको हुन्छ। गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैं हरियै हुन्छन्। खड़ेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले

फल फलाउन कहिल्यै चुक्दैन।", यर्मिया १७:१०,११ “१० “हरेक मानिसलाई त्यसको चालअनुसार र त्यसका कर्मको फलअनुसार इनाम दिनलाई म परमप्रभु मानिसको हृदय तलाश गर्छु, त्यसका मनको म जाँच गर्छु।” ११ आफूले नपारेका अण्डा ओथ्रने तित्रोजस्तै त्यो मानिस हो, जसले अन्यायसित धन कमाउँछ। त्यसको जीवनकालको आधा समयमा नै त्यस धनले त्यसलाई छोड्नेछ, र जीवनको शेषकालमा त्यो मूर्ख ठहर्नेछ।", यर्मिया २९:१३ "जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ।" र यर्मिया ९:२३,२४ “२३ परमप्रभु यसो भन्नुहुन्छः “बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्ः ‘म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु,” परमप्रभु भन्नुहुन्छ।"

**चर्च वा विश्वासीहरूलाई सामुहिक रूपमा समेतेर परमेश्वरले दुवै पुराना र नयाँ करारमा सम्बोधन गरेतापनि पक्का विश्वास व्यक्तिगत रूपमा अनुभव गर्ने वा चल्नुपर्ने कदम हो। दिनदिनै आफूलाई प्रभुमा समर्पण गरेर उहाँमा विश्वास राखेर उहाँको नीतिलाई पालन गरेर चल्नु नै परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको पथमा हिँड्नु हो।**

हामी प्रत्येक आफ्नो जीवनको निम्ति उत्तरदायी छौं तापनि अरूहरूलाई उत्साहित बनाउन र अरूले पनि मुक्तिको स्वाद पाउन् भनेर हामीले गर्नेसक्दो प्रयास कस्तो हुनुपर्छ? तत्कालिन तपाईंक नजरमा कोही छ जसलाई तपाईंको ममतामयी बोलीको खाँचो छ?

## ४. मूर्ती पूजाको अस्त

यर्मियाले निरन्तर रूपमा सामना गर्नुपरेका मानिसहरूले निरन्तररूपमा गरिरहेको ठूलो महापाप के थियो? हेर्नुहोस्ः यर्मिया १०ः१-१६ "१ हे इस्राएलका घराना हो, परमप्रभुले तिमीहरूलाई के भन्नुहुन्छ सो सुन। २ परमप्रभु यसो भन्नुहुन्छः "जाति-जातिहरूका चाल नसिक, अथवा उनीहरूझैं आकाशका चिन्हहरूदेखि त्रासित नहोओ। ३ किनकि जाति-जातिहरूका रीतिथिति त व्यर्थ हुन्। उनीहरू वनमा एउटा रूख ढाल्छन्, र सिकर्मीको हातले हतियारद्वारा कुनै आकार बनाइन्छ। ४ उनीहरूले त्यसलाई सुन र चाँदीले सिँगार्दछन्। त्यो नहल्लिओस् भनेर उनीहरूले त्यसलाई घन र कीलाले ठोक्दछन्। ५ खरबूजा बारीमा राखेका तर्साउने पुतलाजस्तै उनीहरूका मूर्तिहरू बोल्न सक्दैनन्। तिनीहरूलाई बोक्नु पर्छ, किनकि तिनीहरू हिँड्न सक्दैनन्। तिनीहरूदेखि नडराओ, किनभने तिनीहरूले केही खराबी

"गर्न सक्दैनन्, न त तिनीहरूले केही असल गर्न सक्छन्। हे परमप्रभु, तपाईंजस्तो कोही पनि छैन। तपाईं महान् 6 हुनुहुन्छ। पराक्रममा तपाईंको नाउँ महान् छ। ७ हे जाति-जातिका महाराजा, कसले तपाईंलाई सम्मान गर्नुपर्दैन र? तपाईं यसका योग्य हुनुहुन्छ। जाति-जातिका बुद्धिमान् मानिसहरूमध्ये र उनीहरूका जम्मै राज्यहरूमा तपाईंजस्तै कोही पनि छैन। ८ उनीहरू त बुद्धिहीन र मूर्ख छन्। उनीहरू बेकामका काठका मूर्तिहरूबाट सिकाइन्छन्। ९ तर्शीशबाट पिटिएको चाँदी ल्याइन्छ, र उपज देशबाट सुन। जे कारीगर र सुनारले बनाउँछन्, बैजनी र नीला लुगा त्यसलाई लगाइन्छन्– ती सबै सिपालु मानिसहरूद्वारा बनाइन्छन्। १० तर परमप्रभु त साँचो परमेश्वर हुनुहुन्छ, उहाँ जीवित परमेश्वर, अनन्तका महाराजा हुनुहुन्छ। जब उहाँ क्रुद्ध हुनुहुन्छ, तब पृथ्वी काम्दछ। जाति-जातिहरूले उहाँको क्रोध सहन सक्दैनन्।

तिनीहरूलाई यसो भन्: ‘यी देवताहरू, जसले आकाश र “ 11
पृथ्वीलाई बनाएनन्, तिनीहरू पृथ्वीबाट र आकाशमुनिबाट नष्ट
12 ”हुनेछन्’ ।
तर परमेश्वरले नै पृथ्वीलाई आफ्नो सामर्थ्यले बनाउनुभयो।
उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, र आफ्नो
समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो। १३ जब उहाँ
गर्जनुहुन्छ, तब आकाशमा पानीको गर्जन हुन्छ। उहाँले पृथ्वीको
पल्लो छेउदेखि बादल उठाउनुहुन्छ। उहाँले वृष्टिसँग बिजुली
चम्काउनुहुन्छ, र आफ्ना भण्डारबाट बतास चलाउनुहुन्छ।
हरेक मानिस मूर्ख र बुद्धिहीन छ।
हरेक सुनार त्यसका मूर्तिहरूद्वारा नै लाजमा पर्छ। 14
त्यसका मूर्तिहरू झूटा हुन्, तिनमा सास हुँदैन। १५ ती व्यर्थका
हुन्, गिल्लाको थोक मात्र। तिनीहरूका न्याय हुँदा ती नष्ट
हुन्छन्। १६ उहाँ, जो याकूबका भाग हुनुहुन्छ, यीजस्ता हुनुहुन्न,
किनकि उहाँ नै सारा थोकहरूलाई बनाउनुहुने हुनुहुन्छ,
इस्राएललाई पनि, जो उहाँको निज उत्तराधिकारको कुल हो–
सर्वशक्तिमान् परमप्रभु उहाँको नाउँ हो।"

**यथार्थमा मानिसको चातुर्य कलाबाट बनाएका मूर्तीहरूलाई परमेश्वर भनेर पूजा गर्नु बेकार र मूर्खतापूर्ण र हास्यास्पदमात्र होइन तिनीहरू सृष्टिकर्ता परमप्रभु सनातनको जीवित परमेश्वरको सामु कतिको उल्टो वा अमिल्दो छ भनेर यर्मियाले देखाउन खोजेको कुरा अत्यन्त चासोको विषय हो। ती धातुका, काठका, पत्थरका मूर्तीहरू शक्तिहिन छन्, बेकारका छन्, खाली छन् र मानिसहरूलाई भुलाउने गलत पूजनीय वस्तु हुन्। तिनीहरूले स्वर्ग र पृथ्वी सृष्टि गरेनन् तर परमप्रभु परमेश्वरले ती सृष्टि गरेका हुन्। त्यसकारण सृष्टिकर्ताको हैशियतले आफूले सृष्टि गरेका थोकहरूलाई देवता वा भगवान वा परमेश्वर भनेर पूजा नगर्नु भनेर उहाँले आदेश दिनुहुन्छ। परमेश्वर सदाको निम्ति रहिरहनुहुनेछ तर ती**

मूर्तीहरू सदाको निम्ति बिलाएर जानेछन्। त्यसकारण हामीले कसलाई हामीहरूको जीवनलाई समर्पण गर्ने र आराधना गर्ने?: जुन् निरीह, बेकारको, गलत र शक्तिहिनलाई कि सारा जगतलाई सृष्टि गर्ने र सम्हाल्ने महान् शक्तिशाली र तेजस्वीमय परमेश्वरलाई? त्यसको जवाफ स्वःत आफैमा छ।

कसको आराधना गर्ने भनेर सोध्दा गर्नुपर्ने को हो भनेर जवाफ स्वःत पाइतापनि हामी पनि मूर्तीपूजाको फन्दामा पर्ने खतराबाट उम्किन नसिकिने पनि हुन्छ भन्ने सोचलाई मनन् गर्नु मनासिब देखिन्छ। यर्मियाको समयमा भएका विभिन्न खालका मूर्तीहरूको अस्तित्व अहिले नभएतापनि आधुनिक संसारमा गलत देवीदेवताहरूको बिगिबिगि नभएको होइन। ती आधुनिक मूर्तीहरू कुनै पनि हुनसक्छ जसले पूजनीय परमेश्वरको ठाउँ हामीहरूको हृदयमा लिन्छ। परमेश्वरको महिमाको निम्ति दिनुपर्ने समय, तनमन धनलाई अरूले प्राथमिकता लिन्छ र उहाँलाई ओझेलोमा जुनसुकै वस्तु वा व्यक्ति हाम्रो निम्ति मूर्ती हुनसक्छ। (भजन गाउनु र प्रार्थना गर्नुमात्र आराधना गर्नु होइन। हाम्रो हृदयको राजगद्दीमा को बसेको छ वा कसलाई बसालिएको छ त्यो हाम्रो निम्ति देवता वा भगवान हुनसक्छ। पत्थर, धातु वा काठको मूर्तीलाई पूजा गर्नुमात्र मूर्तीमूर्ती पूजा होइन)।

हामीहरूले आइडल वा मूर्ती बनाएर पूजनिय स्थानमा राख्ने खतराबाट हामी जोगिनुपर्छ। हाम्रो जीवनमा ती मूर्तीहरू के के हुनसक्छ? हामीहरूका बिद्युतिय उपकरणहरू, धनसम्पत्ति कमाउनमामात्र दोगिरिने बानी, अरूको मोलमा आफू प्रख्यात हुने चरित्र, विभिन्न व्यक्तिहरूको व्यक्तिपूजा आदि हामीहरूको मूर्ती हुनसक्छ। ती केहीहरूको सूची बनाउनुहोस् र अन्तमा हामीहरूको मुक्तिको निम्ति तिनीहरूको मोल के छ र सोच्नुहोस्?

बौद्धिक रूपमा हेर्दा ती कुनै पनि पूजनीय छैन भनेर हामीलाई थाहा छ। अन्तमा यस संसारका कुनै पनि ती थोकहरूले

हामीहरूको भित्री आत्मालाई संतुष्ट पार्न सक्दैन न त मूक्ति नै दिनसक्छ। यदि हामी होशियार भएनौं भने र हामीहरूको नजर येशूमा राखी छोडेनौं भने र उहाँले हाम्रो निम्ति के गर्नुभयो र किन गर्नुभयो भन्ने कुरालाई ओझेलोमा पारिराख्यौं भने हामीलाई पनि आधुनिक प्रकारका मूर्तीहरूको खोलाले सजिलैसँग बगाउन सक्छ जुन् यर्मियाले आफ्नो समयमा त्यस खालको प्रवृत्तिको घोर बिरोध गरेका थिए।

## ५. परमेश्वरप्रति बफादार रहिरहने बाँकी अल्पसंख्या विश्वासीहरू

" अगमवक्ताहरूको अनुनय बिन्ती तथा अनुरोधको बाबजुद पनि अधिकांस यहूदीहरूले परमेश्वरप्रति विश्वासघात गरिनै रहेका थिए। अन्तिम समयसम्म पनि अगमवक्ताहरूका आह्वानलाई तिनीहरूले लत्याएका थिए। जब बिदेशी शत्रु कल्दी सैनिकहरूले आक्रमण गरेर यरुशलेमलाई अन्तिम पटक कब्जा गरे तब प्रत्येक मानिसको दिमागमा बच्ने आशा हराइसकेको थियो। यर्मियाले इस्राएलको पूर्ण ध्वस्तको अगमवाणी गरेका थिए। शत्रुहरूको सामु आत्मसमर्षण गरेर भनेर मानिसहरूलाई जिकिर गर्दा उनी जेलमा जाकिन पुगे। तर परमेश्वरप्रति बफादार रहने बाँकी थोरैलाई उहाँले निराशाको भुमरीमा पार्नुभएको थिएन। यर्मियाको सन्देशको खिसी उडाएर उनलाई कडा निगरानीमा राखिएतापनि उनलाई परमेश्वरबाट ताजा दर्शन आएको थियो। त्यसमा परमेश्वरले मानिसहरूलाई क्षमा दिन र उद्धार गर्न चाहनालाई व्यक्त गर्नुभएको थियो। परमेश्वरबाट तर्केर जानेहरूलाई उहाँले देखाउनुभएको ममता त्यसबेलादेखि अहिलेसम्म परमेश्वरको चर्चको निम्ति सान्त्वनाको स्रोत भइरहेको छ।"-एलेन जी ह्वाइट प्रोफेटस् एण्ड किङ्गस्, पृ. ४६६बाट रूपान्तरित।

कतिपय मानिसहरूले परमेश्वरलाई विश्वासघात गरेर विध्वंसको सामना गर्नुपरेतापनि अल्पसंख्या भएपनि परमेश्वरका थोरै बिश्वासीहरू सधैं रहिरहेका थिए। अरू अगमवक्ताहरूले जस्तै

यर्मियाले पनि विश्वासघात र धर्मत्याग गर्ने जनहरूलाई परमेश्वरतिर फर्कन बिन्ति गरेका थिए किनभने तिनीहरूको पापको बाबजुद पनि तिनीहरूलाई उहाँले उद्धार गर्न चाहेका थिए। तर बहुसंख्यक मानिसहरूले परमेश्वरको वचनलाई लत्याएतापनि पवित्र इतिहासमा जहिले पनि थोरै भएतापनि केही विश्वासीहरू उहाँको निम्ति बचेखुचेर रहेको पाइएको छ। यो प्रक्रिया संसारको अन्तसम्म रहिरहनेछ (हेर्नुहोस् प्रकाश १२:१७)।

परमेश्वरप्रति बफादार रहिरहने मानिसहरू थोरैभएपनि थिए भनेर यर्मिया २३:१-८ले कसरी बताउँछ? त्यो अवधारणा नयाँ करारको समयमा पनि कसरी लागु हुन्छ? (हेर्नुहोस् यर्मिया ३३:१४-१८)। हेर्नुहोस् यर्मिया २३:१-८ “१ परमप्रभु घोषणा गर्नुहुन्छ, “मेरो खर्कका भेड़ाहरूलाई नष्ट गर्ने र छरपष्ट पार्ने गोठालाहरूलाई धिक्कार!” २ यसैकारण आफ्नो प्रजालाई चराउने गोठालाहरूका विषयमा परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः “तिमीहरूले मेरो बगाललाई छरपष्ट पाऱ्यौ र तिमीहरूले तिनीहरूलाई धपायौ, र तिनीहरूको हेरचाह गरेनौ। यसैकारण तिमीहरूको दुष्ट कामको निम्ति म तिमीहरूलाई दण्ड दिनेछु,” परमप्रभु भन्नुहुन्छ। ३ “मेरा बगालका बाँचेकाहरूलाई मैले तिनीहरूलाई धपाएका सबै देशहरूबाट जम्मा गरेर म आफै तिनीहरूलाई तिनीहरूको खर्कमा फर्काइल्याउनेछु, जहाँ तिनीहरू फलवन्त हुनेछन्, र संख्यामा तिनीहरूको वृद्धि हुनेछ। ४ म तिनीहरूमाथि गोठालाहरू खटाउनेछु, जसले तिनीहरूलाई चराउनेछन्, र तिनीहरू न त डराउनेछन्, न तर्सनेछन्, न तिनीहरूमध्ये कुनै हराउनेछ,” परमप्रभु भन्नुहुन्छ ।

परमप्रभु भन्नुहुन्छ, “हेर, यस्ता दिन आउँदैछन्, जब म 5
दाऊदको वंशबाट एउटा धार्मिक हाँगा खड़ा गर्नेछु, एउटा राजा जसले बुद्धिसित राज गर्नेछन्, र जे उचित र ठीक छ त्यही तिनले देशमा गर्नेछन्। ६ तिनको समयमा यहूदा बचाइनेछ र इस्राएल

सुरक्षितसाथ रहनेछ। जुन नाउँले तिनी कहलाइनेछन् त्यो यही हो, 'परमप्रभु हाम्रा धार्मिकता' ।" ७ परमप्रभु भन्नुहुन्छ, "यसैले यस्ता दिन आइरहेछन्, जब मानिसहरूले कहिल्यै यस्तो भन्नेछैनन्, 'इस्राएलीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने जीवित परमप्रभुको नाउँमा' । ८ तर तिनीहरूले भन्नेछन्, 'इस्राएलीहरूका वंशलाई उत्तरको देश र अरू सबै देशहरूबाट जहाँ-जहाँ उहाँले तिनीहरूलाई निष्कासन गर्नुभएको थियो, ती सबै देशहरूबाट निकालेर ल्याउनुहुने जीवित परमप्रभुको नाउँमा' । त्यसपछि तिनीहरू आफ्नै देशमा बस्नेछन्।" र यर्मिया ३३:१४-१८ "१४ "परमप्रभु भन्नुहुन्छ, 'ती दिन आउँदैछन्, जब इस्राएलका घराना र यहूदाका घरानालाई गरेको मेरो अनुग्रहसहितको प्रतिज्ञा म पूरा गर्नेछु। १५ ती दिन र त्यस समयमा म दाऊदको वंशबाट एउटा धार्मिक हाँगा उत्पन्न गराउनेछु, र तिनले देशमा न्याय र उचित काम गर्नेछन्। १६ ती दिनमा यहूदा बचाइनेछ, र यरूशलेम सुरक्षितसाथ रहनेछ। तिनी यही नाउँले कहलाइनेछन्, "परमप्रभु हाम्रा धार्मिकता' ।" १७ किनभने परमप्रभु यसो भन्नुहुन्छः 'इस्राएलका घरानाको सिंहासनमा विराजमान हुनलाई दाऊदको वंशमा मानिसको कमी कहिल्यै हुनेछैन, १८ न त मेरो निम्ति सधैं नै होमबलि, अन्नबलि र बलिदान चढ़ाउनलाई लेवी पूजाहारीहरूमा मानिसको कमी हुनेछ' ।"

**यर्मिया २३:५-७मा बाइबलका विद्वानहरूले मसीहको अवधारणालाई हेरेका छन्। त्यहाँ परमेश्वरका विश्वासी जनहरूको निम्ति मुक्तिको भविष्यवाणी कोरिएका छन् भनिएको छ। बेबिलोनमा पलाएन भएपछि थोरै मानिसहरू आफ्नो देशमा फर्केका थिए तर त्यो फर्काई अत्यन्त गौरबमय त थिएन। तर परमेश्वरले गर्नुभएको प्रतिज्ञा दाउदकै घरानाबाट पूरा हुनेथियो त्यो थियो धार्मिक हाँगा-येशूबाट जो राजाहरूको राजा अर्थात् हृदयको राजा।**

येशूको पहिलो आगमनमा त्यो भविष्यवाणी आँशिक रूपमा पूरा भएको थियो (मत्ती १:१, २१-७-९, यूहन्ना १२:१३)। उहाँको दोस्रो आमनमा त्यो भविष्यवाणीले मूर्त रूप लिने छ अर्थात् पूर्णरूपमा पूरा हुनेछ (दानिएल ७:१३,१४ हेर्नुहोस्)। त्यसबेला परमेश्वरका विश्वासी जन, उहाँका बचेका सत्य जनहरू सदाको निम्ति शान्ति र सुरक्षितसाथ रहनेछन्। उद्धार जुन् इजिप्टबाट प्रस्थान हुँदा भएको कार्य सङ्केत वा प्रतिकको रूपमा थियो, दोस्रो आगमनमा त्यसले अन्तिम रूप लिनेछ, त्यो पूरा हुनेछ र सदाको निम्ति हुनेछ।

तपाईंले तपाईंको आशा केमा राखिरहनुभएको छ? परमेश्वरका प्रतिज्ञाहरूमा अझ बढि भरोसा राख्न तपाईंले कसरी सिक्ने? ती प्रतिज्ञाहरू केवल वस्तुगत, पौराणिक पानाहरूमा मात्र सिमित नराखी तपाईंकै लागि हो भनेर कसरी आत्मसात् गर्ने? तपाईंको जीवनलाई सार्थक बनाउन परमेश्वरका प्रतिज्ञाहरूबाहेक अरू के छ र?

## उपसंहारः

थप बिचारः धेरै वर्ष अघि एक जना डब्ल्यु. डी. फ्रेजर नाउँ गरेको एक जना सेभेन्थ-डे एडभेन्टिस्टले "जितेका र हारेका" शिर्षक भएको एक प्रवचन प्रचार गरेका थिए। त्यसमा उनले बाइबलका विभिन्न चरित्रहरूको जीवनबारेमा प्रचार गरेका थिए। ती पात्रहरूको काम र सेवा र प्रवचनको अन्तमा प्रत्येक चरित्रलाई लक्ष्य गरेर उनले चर्चका श्रोतावर्गहरूलाई सोधेका थिए "के उनी जितेका थिए कि हारेका थिए?

उदाहरणको निम्ति उनले बप्तिस्मा दिने यूहन्नालाई लिएको पाइन्छ। उनी जङ्गल वा उजाड स्थानमा एकलो जीवन बिताएका थिए। उनका थोरै चेलाहरूमात्र थिए त्यो पनि खास उल्लेखनीय थिएन। येशूको दाँजोमा उनी केही पनि थिएन। यूहन्नाले आफ्नो अन्तिम जीवन अन्धकार जेलको खोरमा जाकिनुपरेको थियो।

बेलाबेलामा उनलाई शङ्काले पेलेको थियो। अन्तमा उनले आफ्नो शीर पनि गुमाउनुपर्‍यो (मत्ती १४)। यूहन्नाको जीवनको व्याख्या गरेपछि एल्डर फ्रान्जले सोधेः के यूहन्ना जितेको व्यक्ति हो कि हारेको?

त्यहि सन्दर्भमा हामी यर्मियालाई पनि लिन सक्छौं। परमेश्वरले सिधा बोल्नुभएको अगमवक्ताको जीवन कतिको सफल थियो? उनले धेरै कष्टहरू भोग्नुपर्‍यो। आफूमा आएको कष्टदेखि उनले दुखेसो पनि पोखाएका थिए र परमेश्वरसँग कचकच पनि गरेका थिए। केही अपवाद बाहेक उनले दिएको सन्देशलाई पुजारी, अरू अगमवक्ताहरू, राजाहरू र सर्वसाधारण जनताले मनमात्र पराएनन् उनीदेखी रुष्ट पनि भएका थिए। आफ्नै देश र जनताको बिरुद्धमा खडयन्त्र रच्ने भनेर उनी आरोपित पनि भएका थिए। अन्तमा उनको सन्देशलाई मानिसहरूले बराबर इन्कार गरेकोले उनले भविष्यवाणी गरेको आफ्नै देशको सर्वनास भएको हेर्नुपरेको थियो। उनी षडयन्त्रकारी र देशद्रोही भनेर उनलाई मानिसहरूले हिलोमाटोको खाल्डोमा फ्याँके। उनी त्यहीँ मरोस भनेर तिनीहरूले चाहेका थिए। आफ्नै आँखाको सामु यरुशलेम र पवित्र मन्दिर ध्वस्त भएको र आफ्ना देशवासीहरू बिदेशी देशमा युद्धवन्दी भएर गएको हेर्नुपर्‍यो। मानिसको दृष्टिकोणमा यर्मिया सफल व्यक्ति देखिएको थिएन। हामीहरूको दृष्टिकोणले उनको जीवन सङ्घर्षमय र कष्टमय थियो।

**चिन्तनमनन:**

अ. के यर्मिया बिजेता थियो कि हारेका थिए? तपाईंले निर्णय गर्नुभएको जवाफका कारणहरू के छन्? यदि उनी बिजेता थिए भनेर निष्कर्ष निकाल्नुभएको थियो भने त्यसका कारण के छन्? संसारको स्तर अनुसार हामीले देखेको कुरालाई न्याय नगर्नु कतिको निर्णायत्मक छ? कुन् ठीक कुन् बेठीक, कुन्

असल कुन् खराब, कुन् सफल कुन् असफल भनेर छुट्याउन कुन् मापदण्ड हामीले प्रयोग गर्ने?

आ. येशूको जीवन र सेवाकार्यलाई यर्मियासँग कसरी तुलना गर्नुहुन्छ?

इ. सस्तो अनुग्रह वा जतिसुकै नराम्रो गरेपनि हुन्छ, मानिसलाई जतिसुकै दुःख दिएर धन कमाएपनि हुन्छ। विभिन्न धार्मिक रीतिथिति पालन गरे वा धर्मकर्म गरे आफ्नो पापलाई सुनपानीले धोइहाल्छनी अर्थात् चर्चमा गएर परमेश्वरको सामु पाप स्वीकार गरे सबैकुरा ठीक हुन्छ भन्ने कतिपय जनमानसको धारणाको बारेमा हामीले यस अध्ययाको सुरूमा हेरेका थियौं। त्यसको बिकल्पमा सही वा सत्य अनुग्रह के हो? हल्का, सस्तो, अर्थहीन र धोकापूर्ण अवधारणाले लादेका अनुग्रहको सामु परमेश्वरको सत्य अनुग्रह के हो?